आ.व. ०७८।०७९
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. ०५।०७८।०७९
मितिः-२०७८।०९।०७ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैंयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री रेशमलाल न्यौपाने | नि.प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

श्री सुरेश कोइराला का.वा.वडा अध्यक्ष - ६

नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

तानसेन नगरपालिकाको कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

**निर्णय नं. १**

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारिता ल्याउनको लागि तानसेन नगरपालिकाको विधायन समितिबाट पेश गरिएको निम्न कार्यविधि र नीति पारित गर्ने निर्णय गरियो ।

(क) तानसेन नगरपालिकाको अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०७८

(ख) तानसेन नगरपालिकाको बाल संरक्षण नीति, २०७८

**निर्णय नं. २**

(क) तानसेन नगरपालिकाको भवन निर्माण अनुमति तथा इजाजत सम्वन्धी कार्यविधि, २०७८ संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

(ख) भवन निर्माण र सडक मापदण्ड व्यवस्थापनलाई प्रभावकारी बनाउन एम.टी.एम.पी (MTMP) तयारीको लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा सम्वन्धित वडाको वडा अध्यक्ष र सम्वन्धित वडाका स्थानीय का.पा.सदस्य पदेन सदस्य रहनेगरी निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

<u>निम्न</u> :

| | | |
|---|---|---|
| १. श्री अशोक कुमार शाही | प्रमुख,ता.न.पा. | संयोजक |
| २. श्री वरुण प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य |
| ३. श्री शशी श्रेष्ठ | कार्यपालिका सदस्य | सदस्य |
| ४. इ. राम प्रसाद श्रेष्ठ | पूर्वाधार शाखा, | सदस्य |
| ५. इ.सुमन पाण्डे | नक्शा शाखा,ता.न.पा. | सदस्य |
| ६. श्री भरत प्रसाद आचार्य | प्रशासन शाखा,ता.न.पा. | सदस्य सचिव |

(ग) उल्लेखित कार्यको लागि आवस्यकता अनुसार विषय बिशेषज्ञ नियुक्त गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका स्वास्थ्य शाखा अन्तर्गत विभिन्न शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य ईकाई, स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव भत्ता लगायतको वजेट खर्च आ.व. ०७८।०७९मा प्राप्त नभएको हुँदा सम्बन्धित कर्मचारीहरुलाई सशर्त तर्फको रकमबाट तलव, महंगी भत्ता, स्थानीय भत्ता र पोशाक लगायत प्रशासनिक खर्च शिर्षकवाट भुक्तानी भएको २०७८ श्रावण, भाद्र, आश्विन, कार्तिक र मंसिर महिनाको तलव खर्च अनुमोदन गरी वाकी तलव भत्ता सोही शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका स्वास्थ्य शाखा अन्तर्गत विभिन्न शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत कर्मचारीहरुको तलव भत्ता लगायतको वजेट खर्च यस आ.व.मा प्राप्त नभएको हुँदा कर्मचारीहरुलाई सेवा सुविधा उपलब्ध गराउन समस्या रहेकोले स्वास्थ्य मन्त्रालय मार्फत तत्काल रकम माग गर्ने निर्णय गरियो ।

तानसेन नगरपालिकाको कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

निर्णय नं. ५

नेपाल सरकारको आ.व.२०७८/०७९ को वजेट बक्तव्य बमोजिम विद्यालय सहयोगी/सहायक कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालकहरुको न्यूनतम् मासिक पारिश्रमिक रु. १५,०००।- पुर्‍याउनुपर्ने उल्लेख भै ता.न.पा.को समेत दायित्व सिर्जना भएकोमा सो सम्बन्धमा सुझाव पेश गर्न गठित तलव पुनरावलोकन समितिको मिति २०७८/०७/१५ गतेको बैठकको निर्णय तथा सिफारिस समेतका आधारमा तपसिलको विवरण अनुसार आ.व. २०७८/०७९ का लागि नगरपालिकाले तलव वापत थप गर्नुपर्ने रकम रु. ९४,५१,०००।- थप गर्ने निर्णय गरियो । उक्त नपूग रकम कार्यालय संचालन तथा प्रशासनिक खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | पद विवरण | संख्या | संघीय अनुदान मासिक | ता.न.पा. ले थप गर्नुपर्ने | |
|---|---|---|---|---|---|
| | | | | दर मासिक | आवश्यक रकम बार्षिक |
| १ | विद्यालय सहयोगी कर्मचारी | ५१ | ८,०००।- | ७,०००।- | ४६,४१,०००।- |
| २ | विद्यालय सहायक कर्मचारी | १८ | १३,५००।- | १,५००।- | ३,५१,०००।- |
| ३ | बालविकास सहजकर्ता | ४६ | ८,०००।- | ७,०००।- | ४१,८६,०००।- |
| ४ | सामुदायिक सिकाइ केन्द्र परिचालक | ३ | ८,०००।- | ७,०००।- | २,७३,०००।- |
| | | | | जम्मा | ९४,५१,०००।- |

निर्णय नं. ६

तानसेन नगरपालिकाको सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलानको सन्दर्भमा खुद पूल दरबन्दीमा कार्यरत प्राथमिक तहका शिक्षकहरुको समस्यालाई मध्यनजर गरी तानसेन नगरपालिका स्तरीय शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यदलको मिति २०७८/०७/११ को बैठकको निर्णय तथा सिफारिस समेतका आधारमा पहिला निवेदन दर्ता गर्ने वढीमा १० जना प्राथमिक तहको शिक्षकहरुका लागि प्रति शिक्षक रु.१००,०००।- (एक लाख)को प्रोत्साहन सहितको स्वेच्छिक अवकाशको कार्यकम ल्याउने गरी निर्णय भएकोले उक्त निर्णय अनुमोदन गरी तपशिलका शिक्षकहरुले

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

स्वेच्छिक अवकास पत्रका साथ रु.१ लाख रकम माग सहितको आवेदन पेश गर्नुभएकोले राजीनामा स्वीकृत गरी उक्त प्रोत्साहन वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क.स. | स्वेच्छिक अवकाश लिने शिक्षकको नाम,थर | विद्यालयको नाम,ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | बोधराज ढुंगाना | चण्डिका प्रा.वि.,ता.न.पा.-११ | |
| २. | वालकृष्ण भट्टराई | शारदा मा.वि.,ता.न.पा.-१३ | |
| ३. | सरस्वती कुमारी आचार्य | सरस्वती मा.वि.,ता.न.पा.-०७ | |
| ४. | पुस्करनाथ रेग्मी | वालकन्या भगवती आ.वि.,ता.न.पा.-१० | |
| ५. | ज्ञान प्रसाद ढकाल | दमकडा मा.वि.,ता.न.पा.-०९ | |
| ६. | विष्णु प्रसाद पौडेल | दमकडा मा.वि.,ता.न.पा.-०९ | |
| ७. | दयाराम पंगेनी | दमकडा मा.वि.,ता.न.पा.-०९ | |
| ८. | विमला आचार्य | जनप्रिय मा.वि.,ता.न.पा.-०६ | |

**निर्णय नं. ७**

तानसेन नगरपालिकाका आफ्नै वडा कार्यालय नभएका तथा भवन जीर्ण रहेका वडा नं. १ र वडा नं.११ को वडा भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा र श्रोतको व्यवस्थापन गरी भवन निर्माण कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०७८/०७९ का लागि दरवन्दी प्राप्त नगरेका वा न्यून दरबन्दी भएका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा अंग्रेजी, गणित तथा विज्ञान विषय शिक्षक व्यवस्थापन गर्नका लागि सशर्त अनुदानतर्फ व्यवस्था भएको शिक्षण सहयोग अनुदान रकम तपसिल वमोजिम निम्न विद्यालयहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| क स | विद्यालय | अनुदान तह | दर | जम्मा (रु.) |
|---|---|---|---|---|
| १. | भुसलडाँडा मा.वि.,ता.न.पा.-१ | माध्यमिक | रु.३५,९९०।- X २ जना X१२ महिना | ८,६३,७६०।- |
| २. | जनप्रिय मा.वि.,ता.न.पा.-६ | माध्यमिक | रु.३५,९९०।- X १ जना X१२ महिना | ४,३१,८८०।- |
| ३. | गार्गी मा.वि.,ता.न.पा.-११ | माध्यमिक | रु.३५,९९०।- X १ जना X१२ महिना | ४,३१,८८०।- |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | १७,२७,५२०।- |
| ४. | जन आ.वि.,ता.न.पा.-५ | आधारभूत | रु.२८,२००।- X १ जना X१२ महिना | ३३८,४००।- |
| ५. | सिद्देश्वर आ.वि.,ता.न.पा.-१४ | आधारभूत | रु.२८,२००।- X १ जना X१२ महिना | ३३८,४००।- |
| ६. | अमर भगवती आ.वि.,ता.न.पा.-१४ | आधारभूत | रु.२८,२००।- X १ जना X१२ महिना | ३३८,४००।- |
| ७. | जनप्रिय मा.वि.,ता.न.पा.-६ | माध्यमिक | रु.३५,९९०।- X १ जना X१२ महिना | ४,३१,८८०।- |
| ८. | सार्वजनिक प्रा.वि.,ता.न.पा.-१२ | आधारभूत | रु.,१०,२०५।- X १ जना X१२ महिना | १,२२,४६०।- |
| ९. | राधाकृष्ण प्रा.वि.,ता.न.पा.-१३ | आधारभूत | रु.,१०,२०५।- X १ जना X१२ महिना | १,२२,४६०।- |
| | | | जम्मा | १६,९२,०००।- |

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको नगर सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्न तथा नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधालाई व्यवस्थित गर्ने प्रयोजनका लागि नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण परिवारको पारिवारिक लगत विवरण (Family Card) तयार गरी वितरण गर्न र तथ्यांक अद्यावधिक गर्ने कार्यको लागि वडास्तरबाट सिफारिस भई आएको तपसिलका गणकहरुलाई १ महिनाको लागि प्रति गणक सहायक स्तर चौथो तह सरहको पारिश्रमिक, अनुगमन खर्च र इन्टरनेट खर्च प्रतिव्यक्ति मासिक रु.२०००। समेत जम्मा रू.५,००,०००। (पाँच लाख) नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागमा आधारित शीर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| वडा नं. | नाम थर |
|---|---|
| १. | शाहील अर्याल |
| २. | शिवप्रसाद पाण्डे |
| ३. | रिना मल्ल |
| ४. | पदमा भट्टराई |
| ५. | सुप्रिम शर्मा |
| ६. | निरज मल्ल |
| ७. | कमला सुनार |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

८. राहुल बि.क
९. इन्द्रा थापा
१०. आशा सिंजाली
११. मञ्जु गहतराज
१२. मुरारी प्रसाद पौडेल
१३. लोक बहादुर रेश्मी
१४. शंकर प्रसाद पाण्डे

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको कर्मचारी सेवा ऐन, २०७८ को दफा ३२ बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्तरबृद्धि, तहमिलान तथा ग्रेड बृद्धि नपाएका साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको हकमा स्तरबृद्धि, तहमिलान तथा ग्रेड बृद्धिका लागि प्रकाशीत सूचना बमोजिम सम्वन्धित कर्मचारीहरुबाट पेश हुन आएका दरखास्त तथा विवरणहरुको मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा कर्मचारी स्तरबृद्धि/तहमिलान सिफारिस समितिवाट सिफारिस भई आएकोले साविककै वरियता/जेष्ठता कायम रहने गरी देहायका कर्मचारीहरुको ऐनले तोके बमोजिम एक पटकका लागि मिति २०७८ साल पौष १ गते देखि लागु हुनेगरी स्तरबृद्धि, तहमिलान तथा ग्रेड बृद्धि गर्ने साथै बढुवा समितिलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**निम्न :**

| क्र.स. | कर्मचारीको नाम | कार्यरत पद र तह | | कायम हुने पद र तह | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पद | तह | पद | तह | |
| १ | दुर्गा बहादुर थापा | बरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | वरिष्ठ अधिकृत | अधिकृत स्तर आठौं | तह वृद्धि |
| २ | विष्णु पौडेल | वरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | वरिष्ठ अधिकृत | अधिकृत स्तर आठौं | तह वृद्धि |
| ३ | कोशल राज घिमिरे | शाखा अधिकृत | अधिकृत स्तर छैठौं | वरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | तह वृद्धि |
| ४ | भरत प्रसाद आचार्य | शाखा अधिकृत | अधिकृत स्तर छैठौं | वरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | तह वृद्धि |
| ५ | मधुसुदन घर्ती | शाखा अधिकृत | अधिकृत स्तर छैठौं | वरिष्ठ अधिकृत | अधिकृत स्तर सातौं | तह वृद्धि |
| ६ | राम प्रसाद श्रेष्ठ | इन्जिनियर | अधिकृत स्तर छैठौं | इन्जिनियर | अधिकृत स्तर सातौं | तह वृद्धि |
| ७ | टिकाराम सोमै | सव. ईन्जिनियर | सहायक स्तर पाचौं | प्राविधिक अधिकृत | अधिकृत स्तर छैठौं | तह वृद्धि |
| ८ | रामजी बहादुर कार्की | खरिदार | सहायक स्तर चौथो | ना.सु | सहायक स्तर पाचौं | तह वृद्धि |
| ९ | ऋषिराम घिमिरे | खरिदार | सहायक स्तर चौथो | ना.सु | सहायक स्तर पाचौं | तह वृद्धि |
| १० | हरि शर्मा | खरिदार | सहायक स्तर चौथो | खरिदार | सहायक स्तर चौथो | २ ग्रेड |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | वृद्धि |
| ११ | तारा बहादुर खत्री | खरिदार | सहायक स्तर चौथो | खरिदार | सहायक स्तर चौथो | २ ग्रेड वृद्धि |
| १२ | बालकृष्ण पाण्डे | कार्यालय सहयोगी | श्रेणी विहिन चौथो तह | कार्यालय सहयोगी | श्रेणी विहिन पाचौं तह | स्तरवृद्धि |
| १३ | सुरेन्द्र जि.सी. | कार्यालय सहयोगी | श्रेणी विहिन प्रथम तह | कार्यालय सहयोगी | श्रेणी विहिन दोश्रो तह | स्तरवृद्धि |
| १४ | गिरिराज गैरे | कार्यालय सहयोगी | श्रेणी विहिन प्रथम तह | कार्यालय सहयोगी | श्रेणी विहिन दोश्रो तह | स्तरवृद्धि |
| १५ | शन्त बहादुर दमाई | स्वीपर | श्रेणी विहिन तेस्रो तह | स्वीपर | श्रेणी विहिन तेश्रो तह | २ ग्रेड वृद्धि |
| १६ | लक्ष्मी दमाई | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| १७ | दिलमता दमाई | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| १८ | भागीरथी नेपाली | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| १९ | धनमाया नेपाली | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २० | दल वहादुर विश्वकर्मा | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २१ | केर बहादुर विश्वकर्मा | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २२ | मन बहादुर नेपाली | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २३ | राजु दमाई | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २४ | डिल बहादुर दमै | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २५ | शेर बहादुर कामी | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २६ | मान बहादुर दर्जी | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २७ | फुलमाया कामी | स्वीपर | श्रेणी विहिन प्रथम तह | स्वीपर | श्रेणी विहिन दोस्रो तह | स्तर वृद्धि |
| २८ | कमल भण्डारी | हलूका सवारी चालक | श्रेणी विहिन चौथो तह | हलूका सवारी चालक | श्रेणी विहिन पाचौं तह | स्तर वृद्धि |
| २९ | लक्ष्मी बोहोरा | कार्यालय सहयोगी | श्रेणी विहिन तेश्रो तह | कार्यालय सहयोगी | श्रेणी विहिन तेश्रो तह | २ ग्रेड वृद्धि |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ११**

तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम नेपाल बीच २०२१ जुन १ (२०७८ जेष्ठ १८ गते) मा भएको सम्झौता बमोजिम संचालित कोभिड-१९ प्रतिकार्य सामाजिक, आर्थिक पुन: प्राप्तीका लागि अग्रसरता परियोजना कार्यक्रमको लागि तानसेन नगरपालिकाको जिम्मेवारीमा परेका क्षमता विकास तथा सीप हस्तान्तरण सम्बन्धी तालिम एवम् सूचना प्रविधिसंग सम्बन्धित कियाकलापहरु साथै आयआर्जनका लागि बीउबिजन तथा सामाग्री वितरण लगायतका कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न स्थानीय सेवा प्रदायक संस्था ग्रामीण आर्थिक विकास संघ(रेडा)संग प्रस्तावना माग गरी ता.न.पा.को प्रचलित नियमको परिधी भित्र रही सम्झौता गरी तोकिएको समयावधी भित्र सबै कार्यक्रमहरु सम्पादन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका भित्र प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत आ.व.०७८।०७९ मा वडागत रुपमा प्राप्त देहायका संख्यात्मक विवरण अनुसार वेरोजगारहरुको सूची सूचीकृत गर्ने निर्णय गरियो ।

| क्र.स | तानसेन नगरपालिका वडा न | सुचिकृत बेरोजगार संख्या |
|---|---|---|
| १ | १ | ४ |
| २ | २ | १९ |
| ३ | ३ | २२ |
| ४ | ४ | १ |
| ५ | ५ | १८२ |
| ६ | ६ | ७२ |
| ७ | ७ | ३५ |
| ८ | ८ | ४९ |
| ९ | ९ | १८ |
| १० | १० | १५८ |
| ११ | ११ | १८८ |
| १२ | १२ | ४९ |
| १३ | १३ | २० |
| १४ | १४ | ८५ |
| | जम्मा | ९०२ |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १३**
राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान जिल्ला कार्यसमिति पाल्पावाट मौलिक लोक भजन संरक्षण गर्नका लागि विभिन्न कार्यक्रम गर्दै आएकोमा उक्त संस्थावाट सहयोग माग गरेकोले भजन संरक्षण तथा सिकाई तथा भजन सामाग्रीका लागि ता.न.पा को नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत कला संस्कृति शीर्षकवाट रु. २५,०००। निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १४**
तानसेन नगरपालिका वडा नं. १४ स्थित देउराली वजारमा रहको राधाकृष्ण मन्दीरको सभाहलका झ्यालहरु र सिलिङ्गको प्यानल वोर्ड निर्माण तथा मर्मत सम्भार गर्न ता.न.पा. को नगर प्रवर्द्धनात्मक कार्यक्रमको कला, संस्कृति तथा संम्पदा संरक्षण शीर्षकवाट रु. १ लाख अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**
सशर्त अनुदान तथा न.पा.को समानीकरण अनुदानतर्फ शिक्षण सहयोग अनुदान कोटामा माध्यामिक तथा निम्नमाध्यमिक तहको विज्ञान, गणित, अंग्रेजी, लेखा विषयको शिक्षक पदपूर्ति गर्ने क्रममा अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवार उपलब्ध नहुने समस्यालाई मध्यनजर गरी दोस्रो पटक विज्ञापन गर्नुपर्ने अवस्थामा अध्यापन अनुमतिपत्र नभएका उम्मेदवारहरुबाट समेत सहभागी हुन सक्ने गरी विज्ञापन गर्न अनुमति दिने र यसपूर्व त्यसरी अनुमति प्रदान गरिएका अनुमतिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
तानसेन नगरपालिकामा स्थानीय मिडियाहरुको संस्थागत क्षमता विकासका लागि देहायको समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | श्री झपेन्द्र गहिरे | पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ पाल्पा |
| सदस्य | श्री कृष्ण कार्की | प्रतिनिधि छापा र रेडियो |
| सदस्य | श्री कृष्ण दर्नाल | प्रतिनिधि अनलाइन र टिभि |
| सदस्य सचिव | श्री भरत प्रसाद आचार्य ता.न.पा. | |

**निर्णय नं. १७**
मिति २०७८।६।११ गतेको तानसेन नगरपालिकाको कार्यपालिका वैठकको निर्णय नं. २५ मा तानसेन नगरपालिका वडा नं. १३ मा अवस्थित रानीघाट दरवार (रानीमहल) व्यवस्थापनका लागि ता.न.पाका कर्मचारी शंकर भण्डारीको संयोजकत्वमा गठित कार्यदलबाट कार्य गर्न रानीघाट दरवार (रानीमहल) विविध मर्मत तथा सौन्दर्यकरणका लागि रु. १५ (प्रन्ध) लाख विनियोजन भएकोमा खटिएका

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

कर्मचारीहरुको हकमा देहाय वमोजिम प्रोत्साह स्वरुप भुक्तानी दिने र अन्य खर्चको हकमा नियमानुसारको प्रक्रिया पुरा गरी तोकीएको अन्य मिल्ने शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

| | |
|---|---|
| क. ज्ञानधर पुन माली | रु.२५०००। |
| ख. नन्दुराम वि.क | रु.२५०००। |
| ग. मान बहादुर वि.क | रु.२५०००। |
| घ गोकुल थापा | १ महिनाको तोकिएको न्युनतम स्केल वरावर |
| ङ.विमल परियार | १ महिनाको तोकिएको न्युनतम स्केल वरावर |
| च.जिवन विक. | १ महिनाको तोकिएका न्युनतम स्केल वरावर |
| छ.शंकर भण्डारी | १ महिनाको तोकिएको न्युनतम स्केल वरावर |

**निर्णय नं. १८**

तानसेन नगरपालिका वडा नं. ७ स्थित निर्माणधीन सीत भण्डार निर्माण कार्यको सम्वन्धमा निर्माण व्यवसायी हिमदुंग एण्ड थोकर/जय रक्तकाली जेभीवाट मिति २०७८।५।२९ गते यस कार्यालयमा दर्ता भएको निवेदन पत्रको सम्वन्धमा जानकारी भयो । सो सम्वन्धमा पूर्व निर्धारित क्षतीपूर्ती मिनाहा गर्ने माग गरेकोमा उक्त क्षतिपूर्ति मिनाहा गर्न नसकिने, यसै आ.व. भित्र निर्माण कार्य सम्पन्न गर्ने लिखित प्रतिवद्धता पेश गरेमा यही मिति २०७९ असार मशान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

सरुवा भई जाने र सरुवा भई आउने विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्वन्धित शिक्षकको मन्जुरीको आधारमा नगरप्रमुख स्तरीय निर्णयानुसार मिति २०७८/०८/०७ मा त्रिभुवन मा.वि.को प्राथमिक तहमा कार्यरत करार शिक्षक अच्यूत भट्टराईलाई राधाकृष्ण प्रा.वि.छेर्लुङमा, मिति २०७८/०८/२१ मा युवा प्रा.वि.को प्राथमिक तहमा कार्यरत करार शिक्षक शोभा अश्लामीलाई भयरस्थान प्रा.वि.तेल्घामा तथा भैरव प्रा.वि. बांझामा प्राथमिक तहमा कार्यरत स्थायी शिक्षक भगवती वस्याललाई देववाणी सं.तथा साधारण मा.वि.मा कामकाज गर्न खटाइएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

शिक्षा, युवा तथा खेलकुद शाखाको निशर्त तर्फको वजेटवाट विद्यालय रङरोगन कार्यक्रमलाई प्राविधिक शाखाबाट प्राप्त इस्टिमेटको आधारमा विद्यालयसँग सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

२०७८ सालको मौसमी तथा बेमौसमी वर्षाको कारण तानसेन नगरपालिका भित्रका विभिन्न स्थानमा भएको जनधनको क्षतीबाट पिडित भएका परिवारलाई तत्काललाई राहत प्रदान गर्ने उद्धेश्य बमोजिम ता.न.पा. वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७८।०५।१५ को निर्णयानुसार विपद्को कारण ज्यान गुमाएको परिवारलाई प्रति मृतक रु २५००० (पच्चिस हजार), आफु बसिरहेको घर पूर्ण रुपमा क्षती भई विस्थापनमा परेका परिवारलाई प्रति परिवार रु. १०,००० (दश हजार) र घर

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

आंशिक क्षती भएको परिवारलाई रु ५०००(पांच हजार) नगद सहयोग प्रदान गर्ने नीतिगत व्यवस्था बमोजिम हाल सम्म देहाय बमोजिम बिपद्को कारण ज्यान गुमाएको १ परिवार, घर पूर्ण रुपमा क्षती भएको २८ परिवार र आंशिक क्षति भएको १४ घरलाई गरी कूल रु.३,५०,०००।०० राहत रकम वितरण भएकोले उक्त वितरीत रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | निबेदकको नाम | वडा नं | जोखिमको किसिम | प्राप्त राहत रकम |
|---|---|---|---|---|
| १ | नारायण दर्जी (मृतकको पिता) | | बिपद्बाट ज्यान गुमाएको | २५००० |
| १ | ललीत कूमार थापा | १ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २ | नारायण दर्जी | ५ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ३ | यमान सिं बोहरा | ५ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ४ | राजेश ब. शाही | ६ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ५ | बद्री प्रसाद भट्टराई | ६ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ६ | राम बहादुर बि.क. | ६ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ७ | मकर ब. थापा क्षेत्री | ७ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ८ | तानीसरा भ्रेडी | ७ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ९. | लाल कूमारी सेरचन | ७ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १० | प्रतिक्षा कामी | ७ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| ११ | सान्ती सारु | ८ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १२ | खड्क बहादुर खत्री क्षेत्री | ८ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १३ | बिष्णु खाम्चा | ८ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १४ | उक बहादुर सारु मगर | ८ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १५ | बसन्ती घर्ती | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १६ | मान ब.सार्की | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १७ | कल्पना सार्की | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १८ | कल्पना राना | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| १९ | गणेश राना | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २० | नन्दकला राना | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २१ | लक्ष्मी कुमारी राना | १० | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २२ | लिला बहादूर राना | ११ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २३ | राम बहादूर राना भाट | ११ | पूर्ण रुपमा क्षती भएको | १०००० |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २४ | प्रदिप गहतराज | ११ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २५ | पुर्णमान कुंवर | ११ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २६ | चेत बहादूर बिश्वकर्मा | १२ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २७ | कमला बराल | १३ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २८ | तारा ब. राष्कोटी | १३ | पूर्ण रुपमा क्षती भएको | १०००० |
| २९ | डण्डबिर पाडे मगर | ५ | सामान्य क्षती | ५००० |
| ३० | अर्जुन ब. खड्का | ५ | सामान्य क्षती | ५००० |
| ३१ | श्याम कृष्ण श्रेष्ठ | ५ | सामान्य क्षती | ५००० |
| ३२ | नरमता बिश्वकर्मा | ५ | सामान्य क्षती | ५००० |
| ३३ | नमकला कुमाल | ६ | सामान्य क्षती | ५००० |
| ३४ | मेघ ब. सार्की | ८ | सामान्य क्षती | ५००० |
| ३५ | पदम ब. घर्ति | ८ | सामान्य क्षती | ५००० |
| ३६ | पार्वती सारु | ८ | सामान्य क्षती | ५००० |
| ३७ | सरस्वती मिधून | ८ | सामान्य क्षती | ५००० |
| ३८ | सान्ती सार्की | ८ | सामान्य क्षती | ५००० |
| ३९ | शुरेश ज्ञवाली | ९ | सामान्य क्षती | ५००० |
| ४० | आरती पराजुली | ९ | सामान्य क्षती | ५००० |
| ४१ | भूवनेश्वर भट्टराई | ९ | सामान्य क्षती | ५००० |
| ४२ | अनिता थापा | १२ | सामान्य क्षती | ५००० |

**निर्णय नं. २२**

तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम हाईवे रिफ्रेसमेण्ट सेन्टर निर्माण, सञ्चालन तथा व्यवस्थापन आयोजना कार्यान्वयन गर्नको लागि मिति २०७७।१०।०८ मा तानसेन नगरपालिका र एग्रो फरेष्ट्री सर्पोट बैंक तथा इला रिसोर्ट एण्ड रिट्रिड होम रुपन्देही जेभी बिच समझदारी पत्रमा हस्ताक्षर भएकोमा हाल जग्गा व्यवस्थापनका कारण उक्त कार्य अगाडि बढाउन समय लाग्ने भएकोले उक्त आयोजनाको म्याद २०७८ चैत्र मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको नवौं नगरसभावाट भएको निर्णय वमोजिम मिति २०७८।९।६ गतेको नगर प्रमुखवाट जारी गठन आदेशानुसार गठित देहाय वमोजिमका वीपी कोइराला स्मृति प्रतिष्ठान तानसेन समिति अनुमोदन गर्ने निर्णय गरियो ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७२

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**संरक्षक**

अशोककुमार शाही (नगरप्रमुख, तानसेन नगरपालिका)

**सल्लाहकार**

लक्ष्मीदेवी पाठक (उपप्रमुख, तानसेन नगरपालिका)

पीताम्बर पाण्डे (प्रमुख प्रशासकीय अधिकृत, तानसेन नगरपालिका पदेन)

**कार्यसमिति**

१.संयोजक/अध्यक्ष-टंकप्रसाद पन्थ

२.सदस्य-टंकप्रसाद भट्टराई

३.सदस्य-शोभाकर न्यौपाने

४.सदस्य-बुद्धिप्रसाद शर्मा

५.सदस्य-रामप्रसाद अर्याल

६.सदस्य-पुष्करराज रेग्मी

७.सदस्य-चित्रवलीराम सुवाल

८.सदस्य-इन्द्रा गहतराज

९.सदस्य-मनकुमारी गहिरे

१०.सदस्य-निलम नेपाल

११.सदस्य-रेखीराम राना

१२.सदस्य-गोविन्द भट्टराई

१३.सदस्य सचिव-डा.शंकर प्रसाद गैरे

**निर्णय नं. २४**

तानसेन नगरपालिका भित्रका अति आवश्यकीय कच्ची सडकहरुलाई स्तरोन्नति गरी ग्राभेल लगायत अन्य योजनाहरु छानविन गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने र चालु आ.व. ०७८।०७९ मा सम्पन्न गर्नेगरी अनुमोदनका लागि कार्यपालिका बैठकमा पेश गर्न देहाय अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | संयोजक |
| श्री दामोदर प्रसाद घिमिरे | प्रवक्ता | सदस्य |
| श्री सागरमान महर्जन | अध्यक्ष, वडा नं.६ | सदस्य |
| ई रामप्रसाद श्रेष्ठ | पूर्वाधार शाखा | सदस्य |
| श्री विष्णु पौडेल | योजना अधिकृत | सदस्य सचिव |

**निर्णय नं. २५**

तानसेन नगरपालिकामा समायोजन हुन आएका साविकका गा.वि.स तथा साविकाका नगरपालिकाका वडा भित्रका घर तथा संरचनाहरुको अन्तिम पटकका लागि अभिलेखीकरण गर्न वढीमा ३५ दिनको म्याद थप गर्ने र सो वापत लाग्ने तोकिए साविक दस्तुरमा सतप्रतिशत दस्तुर थप गरी लिने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

निर्णय नं. २६

नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाबाट एम्वुलेन्स खरिदको लागि माग भएकोमा तानसेन नगरपालिकावाट एम्वुलेन्स खरिद प्रयोजनको लागि खरिद मुल्यको ६० प्रतिशत र नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखावाट ४० प्रतिशत लागत सहभागिता वेहोर्ने गरि खरिद गर्ने र उक्त खरिद हुने एम्वुलेन्समा लोगो सहित तानसेन नगरपालिकावाट सहयोग प्राप्त भन्ने वाक्यांश स्पष्ट देखिने गरी लेख्ने साथै क र ख बर्गका अपाङ्गता भएका व्यक्ति, ७० बर्ष माथिका जेष्ठ नागरिक र सुत्केरी महिलाको लागि निःशुल्क सेवा दिने प्रवन्ध मिलाउने गरी सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

तानसेन नगरपालिका वडा नं. ९ स्थित श्री दमकडा मा.वि.को लागि विद्यार्थी ओसार पसार गर्न वस खरिदको लागि माग भएकोमा तानसेन नगरपालिकावाट वस खरिद प्रयोजनको लागि खरिद मुल्यको ६० प्रतिशत शिक्षा शाखाको निशर्त रकमवाट र उक्त विद्यालयवाट ४० प्रतिशत लागत सहभागिता वेहोर्ने गरि खरिद गर्ने र उक्त खरिद हुने वसमा लोगो स्पष्ट देखिने गरी तानसेन नगरपालिकावाट सहयोग प्राप्त भन्ने वाक्यांश लेख्नेगरी सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

नेपाल पुर्व प्रहरी संगठन पाल्पाको मिति २०७४।१२।१३ को पत्रानुसार लोक कल्याणकारी एवम् सामाजिक सशक्तिकरणमा सहयोग पुरयाउने गैर नाफामुलक कार्यका लागि तानसेन नगरपालिका वडा नं. ३ स्थित होलाङ्गदीमा रहेको कित्ता नं. १४१ क्षेत्रफल १-११-१-२ मध्य तानसेन वर्तुङ्ग सडक खण्डको सडक मापदण्ड नमिचिने गरी जग्गा रेखदेख संरक्षण र व्यवस्थापन गर्ने तथा ता.न.पालाई आवस्यक पर्दा फिर्ता गर्ने शर्तमा उक्त जग्गा प्रदान गर्ने र सो निर्णयलाई नगर सभावाट अनुमोदनको लागि पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. २९

पतन्जली योग समिति नेपाल जिल्ला समिति तानसेन, पाल्पा (सम्बद्ध पतन्जली योगपीठ नेपाल)वाट जग्गा माग भई आएकोले तानसेन नगरपालिका वडा नं. ३ काजीधार नजिक रहेको कित्ता नं. २५० क्षेत्रफल ३७-४-०-१ जग्गा मध्य कृषि थोक वजार संकलन केन्द्र देखि उत्तर पुर्व तर्फ २-०-०-० क्षेत्रफलको जग्गा गैर नाफामुलक कार्यका लागि योगशिक्षा तथा मानवीय सेवाका खातिर उपयोग गर्न र ता.न.पालाई आवस्यक पर्दा फिर्ता गर्ने शर्तमा उक्त जग्गा प्रदान गर्ने र सो निर्णयलाई नगर सभावाट अनुमोदनको लागि पेश गर्ने निर्णय गरीयो । ।

निर्णय नं. ३०

तानसेन नगरपालिका भित्रका दृष्टिबिहीन अपाङ्गता भएका स्नातक तह उत्तीर्ण गरेका वढिमा दश जना विद्यार्थीहरुको लागि आ.व. ०७८।०७९ मा अनुदानमा ल्यापटप उपलब्ध गराउन नगर प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत लक्षित बर्ग तर्फको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

सिआरएसको सहयोग र कारितास नेपालबाट आयोजना गरिएको कार्यक्रमको वारेमा जानकारी भयो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

निर्णय नं.३२
कारितास नेपाल र हेफर ईन्टरनेशनलको सहयोगमा तानसेन नगरपालिका वडा नं. ६ लहरे पिपलको कित्ता नं. २०९ क्षेत्रफल ०-१४-०-२ साविकको लहरेपीपल प्रा.वि.रहेको जग्गा/प्राङ्गणमा अमानतमा सामुदायिक स्वास्थ्य केन्द्र निर्माण गर्नको लागि निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

निम्न :

| | | |
|---|---|---|
| श्री सागरमान महर्जन | अध्यक्ष, वडा नं. ६ | संयोजक |
| श्री बरुण प्रसाद रेग्मी | अध्यक्ष, वडा नं. २ | सदस्य |
| श्री गणेश थापा | का.बा. अध्यक्ष, वडा नं. ४ | सदस्य |
| श्री दीपक वि.क. | संयोजक, सामाजिक विकास समिति | सदस्य |
| श्री सुनिता बैजु | कार्यपालिका सदस्य | सदस्य |
| इन्जिनियर | कारितास, नेपाल | सदस्य |
| श्री राम प्रसाद श्रेष्ठ | इन्जिनियर ता.न.पा. | सदस्य सचिव |

निर्णय नं. ३३
कारितास नेपालद्वारा तानसेन नगरपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नेगरी कार्यालय स्थापना र सञ्चालन गर्न तानसेन नगरपालिकाको स्वामित्वमा रहेको ता.न.पा. वडा नं. २ मा अवस्थित भवन माग गरिएकोमा मर्मत संभार बापत मासिक रु.३००००। लिने र विजुली तथा पानी लगायत अन्य आवश्यकीय खर्च सम्वन्धित संस्थाले व्यहोर्ने गरी अर्को निर्णय नभएसम्मका लागि संचालन गर्न अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ३४
तानसेन नगरपालिकाबाट कालीगण्डकी नदी क्षेत्र लगायतका क्षेत्रहरुमा हाल नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त नभएका घाटहरुको श्रोत खेर गइरहेकोले अर्को व्यवस्था नभएसम्मको लागि तत्काल वडा नं. १३ र वडा नं. १४ वडा कार्यालय मार्फत नदीजन्य पदार्थको नगरपालिकाबाट प्रमाणित नगदी रसिद उपलब्ध गराई राजश्व अशुलीको व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं.३५
तानसेन नगरपालिका वडा नं. ३ प्रगतिनगर र कृषि उपज संकलन तथा थोकवजार क्षेत्रका बस्तीमा हालसम्म पनि खानेपानीको व्यवस्थापन हुन नसकेकोले उक्त क्षेत्रमा खानेपानीको पाइप विस्तार गर्न आवस्यक पाईपको लागतमा ८० प्रतिशत मूल्य वरावरको रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३६
तानसेन नगरपालिकाको नवौं नगरसभाबाट पारित प्रस्ताव वमोजिम गठित सहजिकरण समितिको प्रतिवेदन समेत संलग्न गरी तानसेन खानेपानी उपभोक्ता समितिमा पत्राचार गरिएकोमा हालसम्म कुनै

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

प्रतिक्रिया नआएको साथै न्यूनतम् खानेपानी महशुल रु.१५०।- समेत निर्धारण गर्न नवौं नगरसभावाट निर्देश भएकोमा सो समेत भएको नपाइएको हुँदा उल्लेखित विषयमा जानकारी लिन र कार्यान्वयन गर्न तानसेन खानेपानी उपभोक्ता समितिलाई पुन:पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

तानसेन नगरपालिकाको दशौं नगरसभा मिति २०७८ साल पौष २९ गते बिहिबार दिनको १:०० बजे शुभारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

तानसेन स्कुल अफ हेल्थ साईन्स भुसलडाडाले तानसेन नगरपालिका समक्ष सहकार्य गर्नेगरी पेश गरेको प्रस्तावना उपर २ पक्षीय छलफल गरी आवस्यक परिमार्जन पश्चात निर्णयार्थ आगामी कार्यपालिका वैठकमा राय पेश गर्नेगरी देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरीयो ।

| | |
|---|---|
| १ श्री अशोक कुमार शाही नगर प्रमुख | संयोजक |
| २ श्री राम प्रसाद वस्याल वडा अध्यक्ष १ | सदस्य |
| ३ श्री वरुण रेग्मी वडा अध्यक्ष २ | " |
| ४ श्री टुक प्रसाद भट्टराई वडा अध्यक्ष १३ | " |
| ५ श्री रेशमलाल न्यौपाने उपसचिव | सदस्य सचिव |

**निर्णय नं. ३९**

युवाहरुको स्वास्थ्य, शारीरीक तथा मानसिक विकासमा टेवा पुर्‍याउने उद्देश्य सहित तानसेन नगरपालिका भित्र स्पोर्ट्स एकेडेमी गठन तथा संचालनका लागि सम्भाव्यता अध्ययन गरी ३० दिन भित्र प्रतिवेदन पेश गर्न देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १ श्री लोचन प्रसाद तिमिल्सिना वडा अध्यक्ष वडा नं. १० | संयोजक |
| २ श्री अशोकमान महर्जन वडा नं. ६ | सदस्य |
| ३ श्री भीमसेन कार्की वडा नं. ३ | सदस्य |
| ४ श्री राजेश्वर उदय वडा नं. २ | सदस्य |
| ५ श्री महेशलाल वज्राचार्य वडा नं. २ | सदस्य |
| ६ श्री रेशमलाल न्यौपाने उपसचिव नवौ | सदस्य सचिव |

**निर्णण नं. ४०**

तानसेन नगरपालिका स्तरीय शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सिफारिस कार्यदलको मिति २०७८/०७/११ को निर्णय तथा सिफारिस समेतको आधारमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को परिधि भित्र रही निम्न वमोजिम विद्यालयगत/तहगत दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो । साथै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयवाट भएको दरवन्दी मिलानका आधारमा यस तानसेन नगरपालिकामा रहेका प्राथमिक तहको खुद पुल २६ दरवन्दी मध्य ८ वटा दरवन्दी यस पुर्व नै शिक्षा विकास तथा समन्वय ईकाई पाल्पा मार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरलाई उपलब्ध गराईएकोमा वाकी १८ दरवन्दी समेत शिक्षा विकास तथा समन्वय ईकाई पाल्पा मार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरलाई उपलब्ध गराउने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

क्रमशः

## तानसेन नगरपालिकाको दरवन्दी मिलान सम्बन्धी खाका (शिक्षा ऐन,नियम तथा कार्यविधिको आधारमा) शैक्षिक तथ्याङ्क २०७७

| क.स. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या (१-१२) | STR (1-12) | हालको दरवन्दी | | | | | तहगत विद्यार्थी संख्या /विद्यार्थी शिक्षक अनुपात | | | | | | | | कायम गर्ने शिक्षक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | जम्मा | प्रा. | STR | नि.मा. | STR | मा. | STR | उ.मा | STR | प्रा. | नि.मा. | मा. | उ.मा | |
| १ | भुसलडांडा मा.वि., तानसेन | ०-१० | ४४५ | ८९।० | ४ | १ | ० | | ५ | २३७ | ५९।३ | १२३ | १२३।० | ८५ | ८५।० | ० | | ५ | ४ | ५ | | |
| २ | बराङ्दी प्रा.वि., बराङ्दी | ०-३ | १७ | ८।५ | २ | ० | | | २ | १७ | ८।५ | ० | | ० | ०।० | ० | | २ | | | | |
| ३ | देववाणी सं.तथा सा.मा.वि.,तानसेन | ०-१० | ४३३ | ३६।१ | ३ | ४ | ५ | | १२ | १३४ | ४४।७ | १६४ | ४१।० | १३५ | २७।० | ० | | ३ | ४ | ५ | | |
| ४ | महेन्द्रबोधि मा.वि., तानसेन | ०-१२ | ३०१ | १८।८ | ४ | ४ | ६ | २ | १६ | ३७ | ९।३ | ५१ | १२।८ | ४२ | ७।० | १७१ | ८५।५ | ३ | ४ | ५ | ३ | |
| ५ | प.प..मा.वि., तानसेन | ०-१२ | २८३ | १४।९ | ७ | ४ | ६ | २ | १९ | ६१ | ८।७ | ५३ | १३।३ | ५५ | ९।२ | ११४ | ५७।० | ४ | ४ | ५ | ३ | |
| ६ | जनता मा.वि., तानसेन | ०-१२ | १३१९ | ४८।९ | ९ | ६ | ८ | ४ | २७ | १३१ | १४।६ | २८४ | ४७।३ | ४०४ | ५०।५ | ५०० | १२५।० | ३ | ७ | ९ | ४ | |
| ७ | बालमन्दिर प्रा.वि., तानसेन | ०-३ | ३७ | १८।५ | २ | ० | | | २ | ३७ | १८।५ | ० | | ० | | ० | | २ | | | | |
| ८ | मोहनकन्या मा.वि., तानसेन | ०-१२ | ३०० | १८।८ | ५ | ३ | ६ | २ | १६ | ६८ | १३।६ | ४८ | १६।० | ५३ | ८।८ | १३१ | ६५।५ | ३ | ४ | ५ | ३ | |
| ९ | जन आ.वि., बराङ्दी | ०-८ | ४२ | ८।४ | ५ | | | | ५ | २५ | ५।० | १७ | | ० | | ० | | ३ | ४ | | | |
| १० | जनहित प्रा.वि., तानसेन | १-५ | ३३ | ८।३ | ४ | | | | ४ | ३३ | ८।३ | ० | | ० | | ० | | २ | | | | |
| ११ | लक्ष्मी मा.वि., वन्दिपोखरा | ०-१२ | ३४० | २१।३ | ६ | ४ | ४ | २ | १६ | ८० | १३।३ | ७९ | १९।८ | ८० | २०।० | १०१ | ५०।५ | ४ | ४ | ५ | ३ | |
| १२ | बालकल्याण प्रा.वि,बराङ्दी | ०-३ | १० | ५।० | २ | | | | २ | १० | ५।० | ० | | ० | | ० | | २ | | | | |
| १३ | सेन .मा.वि., तानसेन | ०-१२ | २७९ | १५।५ | ६ | ४ | ६ | २ | १८ | ७६ | १२।७ | ४४ | ११।० | ३२ | ५।३ | १२७ | ६३।५ | ३ | ४ | ५ | ३ | |
| १४ | कुन्सेआ.वि., तानसेन | ०-८ | ५७ | ८।१ | ४ | ३ | | | ७ | ४२ | १०।५ | १५ | ५।० | ० | | ० | | ३ | ४ | | | |
| १५ | जनप्रिय मा.वि., तानसेन | ०-१० | २५२ | १९।४ | ८ | ३ | २ | | १३ | १२२ | १५।३ | ७० | २३।३ | ६० | ३०।० | ० | | ३ | ४ | ५ | | |
| १६ | ब्रम्हाविष्णु आ.वि., तानसेन | १-७ | ९३ | १५।५ | ४ | २ | | | ६ | ७४ | १८।५ | १९ | ९।५ | ० | | ० | | ३ | २ | | | |
| १७ | सरस्वती मा.वि. , तानसेन | ०-१० | ३३९ | २४।२ | ५ | ५ | ४ | | १४ | १२६ | २५।२ | ८९ | १७।८ | १२४ | ३१।० | ० | | ३ | ५ | ५ | | |
| १८ | बालज्योती प्रा.वि., तानसेन | ०-५ | ८२ | २७।३ | ३ | | | | ३ | ८२ | २७।३ | ० | | ० | | ० | | ३ | | | | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| क.स. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या (१-१२) | STR (1-12) | हालको दरबन्दी | | | | | तहगत विद्यार्थी संख्या /विद्यार्थी शिक्षक अनुपात | | | | | | | | कायम गर्ने शिक्षक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | जम्मा | प्रा. | STR | नि.मा. | STR | मा. | STR | उ.मा | STR | प्रा. | नि.मा. | मा. | उ.मा | |
| १९ | शारदा .मा.वि., मदनपोखरा | ०-१२ | ३९७ | २२.१ | ७ | ३ | ६ | २ | १८ | ८३ | ११.९ | ९५ | ३१.७ | १०२ | १७.० | ११७ | ४८.५ | ३ | ४ | ५ | | |
| २० | कलंकी प्रा.वि., मदनपोखरा | ०-३ | ८ | ४.० | २ | | | | २ | ८ | ४.० | ० | | ० | | ० | | २ | | | | |
| २१ | पिपलडाडा प्रा.वि., मदनपोखरा | ०-३ | २० | १०.० | २ | | | | २ | २० | १०.० | ० | | ० | | ० | | २ | | | | |
| २२ | भगवती आ.वि., मदनपोखरा | ०-८ | १५० | १५.० | ७ | ३ | | | १० | ९१ | १३.० | ५९ | १९.७ | ० | | ० | | ३ | ४ | | | |
| २३ | दमकडा मा.वि., मदनपोखरा | ०-१२ | ८२६ | ३३.० | १३ | ४ | ५ | ३ | २५ | १९० | १४.६ | २७८ | ६९.५ | १८७ | ३७.४ | १७१ | ५७.० | ९ | ७ | ५ | ३ | |
| २४ | बालकृष्ण प्रा.वि., मदनपोखरा | ०-५ | २७ | ९.० | ३ | | | | ३ | २७ | ९.० | ० | | ० | | ० | | २ | | | | |
| २५ | टिन्टीआंप प्रा.वि., मदनपोखरा. | ०-५ | ५३ | १७.७ | ३ | | | | ३ | ५३ | १७.७ | ० | | ० | | ० | | ३ | | | | |
| २६ | युवा प्रा.वि., तेल्घा | ०-५ | २३ | ७.७ | ३ | | | | ३ | २३ | ७.७ | ० | | ० | | ० | | २ | | | | |
| २७ | बालकन्या भगवती आ.वि.,तेल्घा | ०-८ | १२६ | १५.८ | ५ | ३ | | | ८ | ७४ | १४.८ | ५२ | १७.३ | ० | | ० | | ३ | ४ | | | |
| २८ | मण्डली मा.वि. , तेल्घा | ०-१२ | १७२ | १३.२ | ५ | ४ | ४ | | १३ | २९ | ५.८ | ५८ | १४.५ | ४९ | १२.३ | ३६ | ३६.० | ४ | ४ | ५ | ३ | |
| २९ | भयस्थान प्रा.वि., तेल्घा | ०-५ | ९ | ३.० | ३ | | | | ३ | ९ | ३.० | ० | | ० | | ० | | २ | | | | |
| ३० | प्रजातन्त्र प्रा.वि., तेल्घा | ०-५ | ३६ | १२.० | ३ | | | | ३ | ३६ | १२.० | ० | | ० | | ० | | २ | | | | |
| ३१ | नवदुर्गा प्रा.वि., वन्दिपोखरा | ०-३ | १९ | ९.५ | २ | | | | २ | १९ | ९.५ | ० | | ० | | ० | | २ | | | | |
| ३२ | सुर्यज्योती प्रा.वि., वन्दिपोखरा | ०-५ | १८ | ६.० | ३ | | | | ३ | १८ | ६.० | ० | | ० | | ० | | २ | | | | |
| ३३ | गार्गी मा.वि., वन्दिपोखरा | ०-१० | १७५ | १४.६ | ७ | ३ | २ | | १२ | ५८ | ८.३ | ७० | २३.३ | ४७ | २३.५ | ० | | ३ | ४ | ५ | | |
| ३४ | लिपिनदेवी प्रा.वि., वन्दिपोखरा | ०-५ | ४१ | १३.७ | ३ | | | | ३ | ४१ | १३.७ | ० | | ० | | ० | | २ | | | | |
| ३५ | भैरव प्रा.वि., वन्दिपोखरा | १-५ | ६ | ३.० | २ | | | | २ | ६ | ३.० | ० | | ० | | ० | | २ | | | | |
| ३६ | चन्डिका प्रा.वि.वन्दिपोखरा | ०-५ | २० | ६.७ | ३ | | | | ३ | २० | ६.७ | ० | | ० | | ० | | २ | | | | |
| ३७ | सार्वजनिक प्रा.वि.,बौघापोखराथोक | ०-५ | ३१ | १०.३ | ३ | | | | ३ | ३१ | १०.३ | ० | | ० | | ० | | २ | | | | |
| ३८ | सरस्वतीनाथ प्रा.वि.बौघापोखराथोक | ०-३ | १४ | ७.० | २ | | | | २ | १४ | ७.० | ० | | ० | | ० | | २ | | | | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | लुम्बिनी मा.वि., वौघापोखराथोक | ०-१० | १९७ | १४।१ | ७ | ३ | ४ | | १४ | ७३ | १०।४ | ६७ | २२।३ | ५७ | १४।३ | ० | | ३ | ४ | ५ | १ | |
| ४० | नामिकुवा आ वि., वौघापोखराथोक | ०-७ | ४४ | ६।३ | ४ | ३ | | | ७ | ३० | ७।५ | १४ | ४।७ | ० | | ० | | ३ | ३ | | | |
| ४१ | विष्णु प्रा.वि., वौघापोखराथोक | ०-३ | २९ | १४।५ | २ | | | | २ | २९ | १४।५ | ० | | ० | | ० | | २ | | | | |
| ४२ | रैनादेवी प्रा.वि., वौघापोखराथोक | ०-५ | ४३ | १४।३ | ३ | | | | ३ | ४३ | १४।३ | ० | | ० | | ० | | २ | | | | |

| क.स. | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या (१-१२) | STR (1-12) | हालको दरवन्दी | | | | | तहगत विद्यार्थी संख्या /विद्यार्थी शिक्षक अनुपात | | | | | | | | कायम गर्ने शिक्षक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | जम्मा | प्रा. | STR | नि.मा. | STR | मा. | STR | उ.मा | STR | प्रा. | नि.मा. | मा. | उ.मा | |
| ४३ | सर्वोदय मा.वि., वौघागुम्हा | १-१२ | २६२ | १७।५ | ४ | ३ | ६ | २ | १५ | ४२ | १०।५ | ४१ | १३।७ | २३ | ३।८ | १५६ | ७८।० | ३ | ४ | ५ | ३ | |
| ४४ | शारदा मा.वि. वौघागुम्हा | ०-१० | १४६ | ११।२ | ५ | ४ | ४ | | १३ | ५३ | १०।६ | ५६ | १४।० | ३७ | ९।३ | ० | | ३ | ४ | ५ | | |
| ४५ | राधाकृष्ण प्रा.वि., वौघागुम्हा | ०-३ | ४९ | २४।५ | २ | | | | २ | ४९ | २४।५ | ० | | ० | | ० | | २ | | | | |
| ४६ | ज्ञानोदय प्रा.वि., वौघागुम्हा | ०-५ | ३२ | १०।७ | ३ | | | | ३ | ३२ | १०।७ | ० | | ० | | ० | | २ | | | | |
| ४७ | त्रिभुवन मा.वि., अर्गली | ०-१२ | ३१५ | १६।६ | ७ | ४ | ६ | २ | १९ | ९५ | १३।६ | ८४ | २१।० | ८९ | १४।८ | ४७ | २३।५ | ३ | ४ | ५ | ३ | |
| ४८ | अमर प्रा.वि., अर्गली | ०-५ | १७ | ५।७ | ३ | | | | ३ | १७ | ५।७ | ० | | ० | | ० | | २ | | | | |
| ४९ | सिद्देश्वर आ.वि., अर्गली | ०-८ | ११९ | २३।८ | ५ | | | | ५ | ७९ | १५।८ | ४० | | ० | | ० | | ३ | ४ | | | |
| ५० | कृष्ण प्रा.वि.,अर्गली | १-५ | १८ | ६।० | ३ | | | | ३ | १८ | ६।० | ० | | ० | | ० | | २ | | | | |
| ५१ | अमर भगवती आ.वि.,अर्गली | ०-८ | १११ | २२।२ | ५ | | | | ५ | ५९ | ११।८ | ५२ | | ० | | ० | | ३ | ४ | | | |
| ५२ | रुरुक्षेत्र प्रा.वि., अर्गली | १-३ | १७ | ८।५ | २ | | | | २ | १७ | ८।५ | ० | | ० | | ० | | २ | | | | |
| | जम्मा | | ८२३२ | २०।३ | २१९ | ८० | ८४ | २३ | ४०६ | २८७८ | १३।१ | २०२२ | २५।३ | १६६१ | १९।८ | १६७१ | ७२।७ | १४३ | १०८ | ९४ | ३५ | |

नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner